स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सु.द.नं. ८४५-०७४।७५

वर्ष -१३ , अंक-६ २०८२ भदौ ९ , सोमवार August - 25 , 2025 मुल्य रु.- १० । janatapatra.com

## तातोपानी नाका भएर पुनः सुरु भयो मालवाहक कन्टेनरको आवाजावत, जोखिम भने यथावत



जनतापत्र, तातोपानी

तीन सातादेखि पूर्णरूपमा बन्द भएको तातोपानी नाका हुँदै पुनः मालवाहक कन्टेनरहरु नेपाल प्रवेश गर्न थालेका छन्।

असार २४ मा आएको बाढीले रसुवा नाका पूर्ण रूपमा अवरूद्ध भएपछि उत्तरी नाकाबाट हुने सबैजसो व्यापारिक गतिविधि तातोपानीतर्फ मोडिएको थियो। तर, कोदारी क्षेत्रको पहिरोका कारण तातोपानी नाका समेत लामो समयसम्म ठप्प भएको थियो। अहिले केही हदसम्म मार्ग खुलाइएको छ र त्यसैको फाइदा उठाउँदै कन्टेनरहरु पुनः आवतजावत गर्न थालेका छन्।

तातोपानी भन्सार कार्यालयका अनुसार हालसम्म चीनतर्फबाट आएका ४४ वटा मालवाहक कन्टेनर र केही विद्युतीय सवारीसाधन पहिरोले जोखिमयुक्त बनाएको कोदारी सडक हुँदै नेपाल प्रवेश गरिसकेका छन्। यस्तै, बिहीबार साँझबाट केही खाली कन्टेनरहरु पुनः चिनियाँ सीमातर्फ पठाइएको र शुक्रबार पनि यस्तै प्रक्रिया दोहोरिएको बताइएको छ। यी कन्टेनरहरूले मितेरी पुल पार गरेर भन्सारसम्म सामान पुऱ्याउनेछन्।

व्यवसायीहरूका अनुसार, यो पुनः सुरु भएको व्यापारिक गतिविधि स्थायी नभई केवल अस्थायी समाधान मात्र हो। सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतका अनुसार सडक अझै पनि कमजोर अवस्थामा छ र बर्सातका कारण जुनसुकै बेला फेरि पहिरो खस्नसक्ने जोखिम कायमै छ। उनका अनुसार, गत साउन १७ पछि अहिले पहिलो पटक कन्टेनरहरु भन्सार यार्डमा प्रवेश गरेका हुन्।

यस अवधिमा फलफूल, मसलाजन्य सामग्री, लसुन, किवी, स्याउ, आँपजस्ता छिटो बिग्रिने वस्तुहरु ढुवानी गर्न नसक्दा लाखौंको नोक्सानी व्यवसायीहरूले बेहोरेका छन्। कन्टेनरमै माल सड्न थालेपछि भरियाको सहायतामा ती सामानहरु भन्सारसम्म पुर्याइएको थियो। नेपाल हिमालय सीमापार वाणिज्य संघका सदस्य तथा आयातकर्ता

पेज नं ४ मा

## संस्थागत क्षमताको मूल्याङ्कनमा मेलम्ची नगरपालिका पहिलो, हेलम्बु सहभागी नभएकोमा विवाद



जनतापत्र, मेलम्ची

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा सार्वजनिक गरिएको "स्थानीय तह संस्थागत क्षमता स्वमूल्यान" को पछिल्लो प्रतिवेदन अनुसार सिन्धुपाल्चोक जिल्लामा मेलम्ची नगरपालिका उत्कृष्ट स्थानीय तहको रूपमा उभिएको छ आ.व. २०८०/८१ का लागि गरिएको मूल्याङ्कनमा मेलम्चीले ८८.२५ अंक प्राप्त गर्दै जिल्लाभरका स्थानीय तहहरूमध्ये उच्चतम स्थान हासिल गरेको हो। स्थानीय तहका समग्र कार्यसम्पादनको मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको यो स्वमूल्याङ्कनमा मेलम्चीले शासन प्रणाली, बजेट निर्माण, सेवा प्रवाह, न्यायिक प्रणाली, भौतिक संरचना, समावेशीता, वातावरणीय संवेदनशीलता, विपद् व्यवस्थापन, तथा सहकार्यजस्ता विभिन्न सूचकमा सन्तुलित प्रदर्शन गरेको पाइएको

पेज नं ८

## भोटेकोशी-५ आयोजना अघि बढ्ने तयारीमा



जनतापत्र, भोटेकोशी

भोटेकोशी-५ आयोजना अघि बढ्ने तयारीमा, स्थानीयले उठाए पर्यावरणीय असर र घरबस्तीको सुरक्षाको सवाल

सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे क्षेत्रमा निर्माणको तयारीमा रहेको ४६ मेगावाट क्षमताको भोटेकोशी-५ जलविद्युत् आयोजना सार्वजनिक सुनुवाइ प्रक्रिया सकाएर परियोजना अघि बढाउने तयारीमा पुगेको छ। आयोजनाले प्रभावित क्षेत्रका स्थानीयबासीसँग छलफल गर्दै वातावरणीय तथा सामाजिक असरको सम्बन्धमा सुनुवाइ सम्पन्न गरेको हो। तर, यस प्रक्रियासँगै स्थानीयबासीहरुमा गहिरो चिन्ता र असन्तुष्टि देखिएको छ।

सोमबार बाह्रबिसे नगरपालिकाको कर्भडहलमा आयोजित सुनुवाइ कार्यक्रममा बाह्रबिसे नगरपालिका-३, ४, ५, ८ र ९ तथा त्रिपुरासुन्दरी गाउँपालिका-३ का प्रतिनिधिहरु उपस्थित थिए। कार्यक्रमका क्रममा आयोजनाका अध्यक्ष मोहनविक्रम कार्कीले स्थानीयको माग र गुनासो सम्बोधन गर्दै परियोजना अघि बढाउने प्रतिबद्धता

पेज नं ४

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## तीजः नारी सशक्तीकरण र सांस्कृतिक चेतनाको उत्सव

नेपालको मौलिक संस्कृति र परम्परामा आधारित पर्वहरु मध्ये तीज एक विशेष महत्व बोकेको चाड हो। विशेषगरी नेपाली हिन्दू नारीहरूले मनाउने तीज भाद्र महिनामा पर्ने र तीन दिनसम्म चल्ने यो पर्व धार्मिक, सामाजिक र सांस्कृतिक दृष्टिले निकै गहिरो छ।

तीजको पहिलो दिन 'दर खाने दिन' का रूपमा चिनिन्छ। यस दिन महिलाहरु आ-आफ्नो माइतमा गएर मिठा परिकार खान्छन् र आफन्तजनसँग रमाइलो गर्छन्। दोस्रो दिन मुख्य दिन हो जहाँ महिलाहरु व्रत बसी शिव-पार्वतीको पूजा आराधना गर्छन्। यो दिन महिलाहरूले परिवारको सुख, शान्ति र पति वा भावी पतिको दीर्घायुको कामना गर्दै कठोर उपवास बस्ने परम्परा रहेको छ। तेस्रो दिन 'ऋषिपञ्चमी' हो, जसलाई महिलाहरूले आफ्नो अज्ञानतावश गरेका त्रुटिहरूको प्रायश्चित स्वरूप मनाउँछन्।

समयसँगै तीज पर्वको स्वरूपमा केही परिवर्तन आएको छ। विगतमा केवल धार्मिक विधिमा सीमित तीज, अहिले महिला अधिकार, सामाजिक समानता, र सांस्कृतिक पहिचानको विषयमा पनि चर्चा गर्ने मञ्च बन्दै गएको छ। गीत-संगीत, नृत्य र सामूहिक भेला तीजको रमाइलो पक्ष हो, जसले महिलाहरूलाई मानसिक रूपमा खुल्न, आफनो पीडा पोख्न र सामाजिक सम्बन्ध बलियो बनाउन सहयोग पुऱ्याएको छ।

संरक्षण—लाई जोगाउँदै यसलाई सन्तुलित रूपमा मनाउनु आवश्यक छ।

विचारपत्र

# झोले : भाष्य र भविष्य

इन्द्र अधिकारी

नेपाली राजनीतिमा 'झोले' शब्दको प्रयोग विचारको अभाव र विरोधको प्रतीक बनेको छ। यसले राजनीतिक क्रियाकलापमा विवेक र विचारको कमीलाई उजागर गर्दैछ।

झोलेको चरित्रले राजनीतिक असहिष्णुता र अवसरवादलाई प्रोत्साहन गर्दैछ।

यो सारांश ‰ द्वाबरा सिर्जना गरिएको हो।

यही वर्षदेखि नेपाली राजनीतिमा एउटा विचार जबर्जस्ती निर्माण, प्रयोग र स्थापित हुँदै आएको छ- 'झोले' । यो शब्दको प्रयोग भने यसकै उत्पत्ति, मर्म र भावसँग मेल खाने देखिन्न । बरू विचार नमिल्ने विरोधीप्रति वैरभाव पोख्ने हिसाबले यो शब्द समाज/बजारमा छ । यही शब्दको वरिपरि यस आलेखमा मतमन्थन गरिएको छ ।

झोलेको उत्पत्ति र प्रयोग

भूमिगत दलका भ्रातृ संघसंस्थाले २०४६ को परिवर्तनपछि विचार र नीतिका आधारमा राजनीतिक क्रियाकलाप सञ्चालनमा खुलापन अपनाउन थाले । भूमिगत राजनीति गर्दा समाज जगाउने पर्चा-पम्प्लेट, राजनीतिक र प्रगतिशील लेखकका पुस्तक तथा विचारोत्तेजक सिर्जना, सैद्धान्तिक ठेली र व्यक्तिगत सामग्रीसहितको झोला बोक्ने बाध्यता बहुदल घोषणा भएपछि पनि युवाको आदत बनिसकेको थियो ।

हरेक संगठनका आआफ्ना राजनीतिक विचार, एजेन्डा र झन्डा हुने भएकाले नयाँ राजनीतिक माहोल पूरापूर फरक थियो ।

त्यस बेलाका कार्यक्रम र क्रियाकलापमा चेतना थियो, आदर्श र विचार थिए । सीमित नेता-कार्यकर्ताको त्याग र संघर्षको परिणाम नै परिवर्तन थियो, नेताहरु मोडेल र मानक मानिन्थे भने तिनका विचार र व्यवहार मार्गनिर्देशन ।

राजनीतिक क्रियाकलाप र कामकारबाही तत्कालीन परिवर्तनका सन्देश सञ्चारित गर्ने माध्यम हुन्थे । यस्ता कामकारबाही नयाँ परिवेशमा राजनीतिक दिशानिर्देश गर्न, सर्वसाधारणलाई सूचित र सञ्चार गर्न र यस्तै यावत् विषयमा मन्थन र त्यही कामतर्फ प्रभाव र दबाब बनाउनका लागि हुन्थे । गोष्ठी, भेला, जुलुस, आमसभा र भाषणमा विजय भावको अभिव्यक्ति हुन्थे, परिस्थिति र परिणाममा बदल्ने प्रतिबद्धता पाइन्थे ।

' सबै पञ्च नेपाली, सबै नेपाली पञ्च' र 'हाम्रो राजा..., प्राणभन्दा प्यारो छ' भनेर सामाजिकीकरण भएको जनमानस अब राजनीतिक, धार्मिक, सांस्कृतिक र वैचारिक विविधता, राजनीतिक प्रतिस्पर्धा, सामूहिक अपनत्व र नेतृत्वको युगमा प्रवेश गरेको थियो । पुरातन राजनीतिक समाज र एकदलीय राजनीतिक प्रणालीमा अभ्यस्त व्यक्ति तथा विचारवाहकहरूले लामो समय भूमिगत भएर संगठित राजनीतिक क्रियाकलाप सञ्चालन गरिरहेका संघ-संगठनहरूका यी नवीन लाग्ने विशेषता र क्रियाकलापलाई होच्याउने र हेयको भावाव्यक्ति थिए- झोले र झन्डे जस्ता शब्द ।

जब देश बहुदलीय प्रतिस्पर्धामा प्रवेश गऱ्यो, राजनीतिक समाज खुल्न थाल्यो । पञ्चायती विरासत ढल्यो । दरबार आसपासका बाहेक अधिकांश नेपाली जनमानस दलहरूसँग आबद्ध भए । हिजो पञ्चायतबाट लाभान्वित र सामाजीकरण भएका स्वार्थ समूहको ठूलो तप्का दलहरूमै समावेश र समाहित भए । राजनीतिको अर्थ र महत्त्व नबुझेर होस् वा राज्य आतंक र भयले मौन बसेकाहरु दलमा संलग्न र शुभचिन्तक भए । यस अर्थमा दलहरूले नै आफ्नो संगठन ठूलो र मजबुद बनाउने क्रममा राजनीतिक भर्ती प्रक्रियालाई सशक्त मात्र बनाएनन्, फराकिला पनि भए ।

लामो परीक्षण र प्रशिक्षणपछि मात्र दलमा आबद्धता पाइने भूमिगत अभ्यास खुला र भोटको राजनीतिमा जोसुकै होस्, हूल बाँधेर भित्रिने स्वाभाविक अभियान चल्यो । परिणामस्वरूप दलहरूमा सिद्धान्तनिष्ठ, त्यागी, प्रतिबद्ध, दीक्षितहरु अल्पमतमा पर्दै गए । दलहरु 'नयाँ' हरूको बाहुल्यता र बहुबलीमा चल्ने परम्पराको सुरूवात भयो । फाइदा, ऐसआराम र सुखसुविधा, अनि शक्तिमा प्रवेश, पहुँच, प्रभाव, अभ्यास र अवसर जस्ता प्राप्ति र लाभमा आन्तरिक र अन्तरसमूह/दल प्रतिस्पर्धा चल्न थाल्यो ।

कष्टकर राजनीतिबाट आएकाले पनि अब सबैजसो बहुसंख्यकलाई परिवर्तन हुने गरी प्रभावित पार्न सकेनन्, बरू बहुसंख्यकबाटै प्रभावित हुँदै र लय पछ्याउँदै गए । त्यसमा अन्तरघुलन हुन नसक्ने कठोर सिद्धान्तनिष्ठहरु किनारा लाग्ने वा बाहिरिने माहोल बन्न थाले । दलभित्रै र राष्ट्रिय राजनीतिको केन्द्रमा पुग्न र टिक्न दलबल चाहिने भएपछि विवेक, विचार, विज्ञता र विश्वसनीयता भएका आलोचनात्मक कार्यकर्ताभन्दा विवेकशून्य, विचारविहीन, अवसरवादी भुत्ते कारिन्दाहरु नै नेतृत्वको रोजाइमा पर्ने र तिनैलाई संगठित र परिचालन गर्न सहज र सफल हुने परिस्थिति बन्दै गयो ।

विगतमा विचार र सिर्जना बोक्ने र जनमानसमा प्रवाह गर्ने साधन र सामर्थ्यका रूपमा प्रयोग र पहिचान भएको झोला अब चेत-चिन्तन र विचारशून्य, वस्तु तथा सेवाको दोहनमा लिप्तहरूको सामूहिक समर्पणको सूचकका रूपमा परिणत भयो ।

यसरी हरि (चेत र ज्ञान) बोक्ने झोला कालान्तरमा कर्मविहीन हरिलट्ठक झुन्डको प्रतीक र प्रयोजन बन्यो । अब चाहेअनुसार यस्तो झुन्ड निर्माण र परिचालन हुने भएपछि जसले जति सशक्त र सक्रिय रूपमा सञ्जाल र सडक हल्ला फिँजाउन यसलाई प्रयोगमा ल्याउन सक्यो उही बढी 'पपुलर' हुने, चर्चाको विषय बन्ने अवस्था बन्दै गयो । जुन राजनीतिमा अहिलेको चरम अभ्यासले देखाउँछ ।

झोले दुरूपयोग

सही-गलत नखोज्ने, विश्लेषण नगर्ने, सरकार र सत्तामा हुँदा कसले के काम गरे, को के किन बोलिरहेको छ चाल बुझ्न नलाग्ने तर चर्को बोल्ने र विरोध/प्रतिपक्षको राजनीति गर्ने जोकोहीको पछि लाग्ने नेपाली जनमानसको चरित्र भएको छ । त्यसैले हल्ला गर्ने र हौवा फैलाउने नै राम्रो र लोकप्रियतावादको राजनीति गर्नेले नै गरिखान्छ भन्ने आमधारणा बनिसकेको छ ।

राजनीतिक रूपले अति असहिष्णु, अतिवादी र अलोकतान्त्रिक नेतृत्वले नै लोकप्रियतावादको राजनीति गरेको थुप्रै अध्ययनहरूले देखाएका छन् । अधिकांशले यस्तो झुन्ड निर्माण र परिचालन गर्ने विश्वमै धेरै अभ्यास भइसकेको छ । आफ्ना प्रोपोगान्डाको औचित्यता देखाउनलाई देशलाई ठूलो संकट आइपरेको, चुनौती देखिएको, विदेशीको प्रभाव र दमन भएको, बैरीहरूको नजर र दबदबा बढ्दै गएको, राष्ट्रिय राजनीति डामाडोल भएको, देश वा सरकार असफल भइसकेको जस्ता उग्रराष्ट्रवादी, चरम निराश र जनता भड्काउने खालका एजेन्डा नियोजित निर्माण र प्रचार गरिइन्छन् ।

राजनीतिमा आफू स्थापित हुन र आफ्नो निरन्तरताका लागि जनताले आफ्नो कमजोरी खोज्न नलागुन्, बरू पत्याएरै बिनासर्त समर्थन र समर्पण गरिरहुन् भनेर नयाँ नयाँ हतकन्डा अपनाउँछन् । तिनको विगत, क्षमता, भिजन, मिसन र लक्ष्य केही वास्ता नगरी बिनासोचविचार ती हतकन्डाको प्रचारप्रसार र नेतृत्वको प्रतिरक्षाका लागि पनि सुझबुझविहीन भुत्ते फौज जरूरी हुन्छ । नेपालमा चलेको 'म झोले हुँ', राष्ट्रिय एकताका लागि राजसंस्था चाहिन्छ, आफू नै 'कृष्ण बन्नुपर्ने' जस्ता भाष्य र अभियान निर्माण गर्दै फौजी शैलीमा दस्ता परिचालन गर्ने प्रवृत्ति यसकै चरम रूप हो ।

राजनीतिक विषयमा गरिने डिसइन्फर्मेसन र मिसइन्फर्मेसनको उद्देश्य पनि यही हो । यही प्रयोजनका लागि विभिन्न स्वरूपका साइबर सेना, प्रविधिमैत्री दप्तरदस्तासमेत प्रयोग भएका छन् । पुरातन शक्तिका प्रतिनिधि ज्ञानेन्द्र शाह परिवार र राप्रपादेखि कान्छो दल रास्वपा नेतैपिच्छे 'सपोर्ट अभियानमा' छन् । रातदिन आफ्ाको प्रचार, प्रवर्द्धन र प्रतिरक्षमा अरूको हुर्मत लिएर सामाजिक सञ्जालमा पोस्ट गर्ने र प्रतिक्रिया दिने गर्छन् । सूचनाभन्दा धेरै अवफाह प्रवाह गर्छन्, स्मार्ट फोनका पहुँच हाम्रो हजुरआमा पुस्तासम्म पुगेको समयमा यस्ता गलत र भ्रामक सूचनाले समाजलाई सही ढंगले सूचित हुने अवसरबाट मात्र वञ्चित गर्दैन,

वाकी पेज नं ८ मा

# युद्धविराम होइन, शान्ति सम्झौता

रामप्रसाद आचार्य

पश्चिमा सहयोगको भरमा युद्ध जित्न सक्ने आधार नदेखिएकाले युक्रेनले रुससँग सम्झौता गर्नुपर्ने अवस्था आएको छ । त्यसैले अब युद्ध जति लम्बिँदै जान्छ बढी क्षति युक्रेनले नै बेहोर्नुपर्ने भएकाले पनि वार्ताद्वारा युद्ध अन्त्य गर्नेतिर लाग्नु युक्रेनका लागि हितकर हुने देखिन्छ ।

शक्तिशाली रुससँग युक्रेन लामो समयसम्म युद्ध गर्ने अवस्थामा थिएन । पश्चिमा मुलुकहरूले हतियार र आर्थिक सहयोग दिइरहेकाले अहिलेसम्म युद्ध लम्बिएको हो ।

विगत साढे तीन वर्षदेखि युद्ध गरिरहेका रुस र युक्रेनबिच अब युद्धविरामभन्दा शान्ति सम्झौता अनिवार्य भएको छ । युद्ध लम्बिँदै जाँदा त्यसको असर दुई देशमा सीमित रहेन । युद्धको असर विश्वव्यापी परेको छ । अब युद्धविरामले मात्र दिगो समस्या समाधान गर्न नसक्ने भएपछि शान्ति सम्झौता नै उपयुक्त विकल्प हुने भएको छ । यसका लागि प्रयास जारी छ ।

अमेरिकाको अलास्का राज्यमा अगस्ट १५ मा युद्ध अन्त्य गर्ने विषयमा अमेरिका र रुसबिच शिखर वार्ता भयो । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले साढे तीन घण्टा शिखर वार्ता गर्नुभयो । यो प्रयासबाट रुस-यक्रेन युद्धविरामबारे सहमति गर्ने अपेक्षा गरिएको थियो । वार्तामा युद्धविरामबारे सहमति भएन ।

ट्रम्पले आफ्नो चुनावी अभियानका क्रममा राष्ट्रपतिमा निर्वाचित भएको २४ घण्टामै युद्धविराम गराउने घोषणा गर्नुभएको थियो ।

दोस्रो पटक निर्वाचित भएपछि टम्पले पुटिनसँग गर्नुभएको पहिलो प्रत्यक्ष भेटवार्तामा जारी युद्ध अन्त्य गर्ने विषयमा गम्भीर छलफल भयो । देखिने गरी कुनै सहमति भएन । ट्रम्प र पुटिनबिचको वार्ता साढे तीन घण्टामा सकियो । बन्द कोठामा भएको वार्तामा ट्रम्पसँगै मार्को रुबियो र विट कफका साथै केही अन्य अधिकारी हुनुहुन्थ्यो । रुसी पक्षमा पुटिनसँगै सर्गेई लाभरोभ, एन्टोन सिलुआनोभ र किरिल दिमित्रिभ सहभागी हुनुभएको थियो । वार्तामा युद्ध अन्त्य गराउने विषयमा घनीभूत छलफल भए पनि दुवै पक्षबिच ठोस सहमति भने हुन सकेन । वार्ताअघिको वातावरण पूरै फरक थियो । राष्ट्रपति ट्रम्पले पुटिनलाई रातो कार्पेट बिछ्याएर स्वागत मात्रै गर्नुभएन सम्मानित पाहुनाको व्यवहार गर्नुभयो ।

वार्तापछिको पत्रकार सम्मेलनमा ट्रम्प र पुटिन दुवैले वार्ता सकारात्मक भएको बताउनुभयो । "केही प्रगति भएको छ । धेरै बुँदामा सहमति भएको छ, केही मात्रै बाँकी छन्," ट्रम्पले भन्नुभयो । के-के बुँदामा सहमति भयो भन्नेबारे भने उहाँले खुलाउनुभएन । पुटिनले पनि केही बुँदामा सहमति भएको बताउनुभयो तर त्यो सहमति के हो भन्नेबारे केही बताउनुभएन । पुटिनले भन्नुभयो, "हामी के अपेक्षा गर्छौं भने किभ र युरोपेलीहरूले यसलाई सकारात्मक रूपमा लिने छन् र अवरोध खडा गर्ने छैनन् ।" वार्तापछिको पत्रकार सम्मेलनमा दुवै नेताले पत्रकारका प्रश्नको सम्बोधन गर्नुभएन । दुवै नेता आफ्ना कुरा राखेर मञ्चबाट निस्कनुभयो ।

***पुटिनको अडान***

यो भेट सन् २०१९ पछिको पहिलो हो । ट्रम्प र पुटिनले सन् २०१९ पछि पहिलो पटक सँगै भेटवार्ता गर्नुभएको हो । यस पटक ट्रम्प पुटिनप्रति निकै नम्र देखिनुभयो । पुटिनको स्वागतदेखि पत्रकार सम्मेलनमा देखाएको नम्रताले उहाँ पुटिनलाई चिढाउन चाहनुहुन्न भन्ने प्रस्ट हुन्छ । दशकपछि अमेरिकी भूमिमा पुगेका पुटिनलाई लडाकु विमान र रातो कार्पेटद्वारा स्वागत गरिएको थियो । त्यस्तै वार्तापछिको पत्रकार सम्मेलनमा पनि पुटिनलाई पहिले बोल्ने दिइएको थियो । पुटिनले यो अवसरको सदुपयोग गर्दै युक्रेनसँगको युद्धबारे आफ्नै दृष्टिकोणबाट प्रस्तुत गर्नुभयो ।

पुटिनले रुस-युक्रेन युद्धको कारणबारे व्याख्या गर्नुभयो । पत्रकार सम्मेलनमा पुटिन बोलिरहँदा ट्रम्प मुस्कुराइरहनुभएको थियो । वार्ताअघि भने ट्रम्प रुसप्रति आक्रामक देखिनुभएको थियो । गत जुलाईको भाषणमा भने उहाँले युद्धविराम नभए रुसलाई नराम्रो हुने भन्नुभएको थियो तर यस पटक उहाँ त्यसरी प्रस्तुत हुनुभएन । भेटमा भने शान्त देखिनुभयो ।

ट्रम्पले यति धेरै रिझाइरहँदा पनि पुटिनले आफ्नो अडान भने छाड्नुभएन । पुटिनले युद्धविरामका लागि चार अडान राख्नुभएको छ । युक्रेनको केही भूभाग रुसी नियन्त्रणमा जाने, युक्रेनको सेना घटाउने, युक्रेनलाई नेटोमा सहभागी नगराउने र युक्रेनको सरकार परिवर्तन गर्ने पक्षमा पुटिन उभिनुभयो । बर्सौंदेखि पश्चिमा मुलुकहरूबाट एक्लिएका पुटिनले वार्ताका लागि अमेरिका पुग्नुअघि नै जित सुनिश्चित गर्नुभएको थियो । वार्ताबाट फर्किंदा पनि उहाँ नयाँ शक्ति आर्जन गरेर फर्किनुभयो । उहाँले ट्रम्पसँगको सम्बन्धलाई पनि थप मजबुत बनाउनुभयो ।

पत्रकार सम्मेलनकै क्रममा ट्रम्पले फेरि भेट्ने भन्दै गर्दा पुटिनले अर्को भेट मस्कोमा हुनुपर्ने बताउनुभएको थियो । यसमा ट्रम्प सकारात्मक देखिनु भएको थियो ।

उहाँले भन्नुभयो, "ओहो, रोचक कुरा ! यसमा मेरो अलिकति आलोचना होला तर यस्तो हुन सक्छ ।" ट्रम्प रुस जानु हुने वा नजाने त्यो समयले बताउला । उहाँ रुस जानु भने यो पक्कै ऐतिहासिक हुने छ । अमेरिकाका राष्ट्रपतिले पछिल्लो समय सन् २०१३ मा रुस भ्रमण गर्नुभएको थियो । तत्कालीन राष्ट्रपति बाराक ओबामा जी २० को सम्मेलनमा सेन्ट पिटर्सबर्ग पुग्नुभएको थियो ।

***मारमा जेलेन्स्की***

पुटिनसँगको भेटलगत्तै ट्रम्पले जेलेन्स्कीलाई अमेरिका आउन निम्तो दिनुभयो । पुटिनसँगको वार्ता सक्किएलगत्तै ट्रम्पले जेलेन्स्कीसँग टेलिफोन वार्ता गर्नुभएको थियो । वासिङ्टन फर्कंदै गर्दा ट्रम्पले एयर फोर्स वानबाटै जेलेन्स्कीसँग टेलिफोन संवाद गर्नुभएको थियो । जेलेन्स्कीसहित युरोपेली नेताहरू अगस्त १८ (सोमबार) अमेरिकामा जानुभयो । जेलेन्स्कीसहित युरोपेली नेताहरूले ट्रम्पसँग वार्ता गर्नुभयो । वार्ता सकारात्मक भयो । अब केही दिनमै पुटिन र जेलेन्स्कीबिच वार्ता हुनेछ । यसअघि गत फेब्रुअरीमा पनि जेलेन्स्की अमेरिकाको निम्तोमा ह्वाइट हाउस जानुभएको थियो । त्यति बेला जेलेन्स्कीप्रति ट्रम्पले कठोर व्यवहार गर्नुभयो ।

सन् २०२२ को फेब्रुअरी २४ देखि जारी रुस-युक्रेन युद्धमा सबैभन्दा मारमा युक्रेन छ । जेलेन्स्कीले युद्धविराम गर्न चाहनुभएको छ तर भूमि गुमाउन चाहनुभएको छैन । पुटिन भने भूभाग ओगटेर युद्ध रोक्ने अडान लिएर बस्नुभएको छ । विश्वकै सबैभन्दा शक्तिशाली देशका राष्ट्रपतिसँग एउटै मञ्चमा देखिने मौकासँगै पुटिनले भूराजनीतिक चर्चामा आउने मौका पनि पाउनुभयो । गत केही महिनामा पश्चिमा जगतले एकपछि अर्को समयसीमा दिए पनि ती त्यत्तिकै बिते । ती चेतावनी वास्तविकतामा परिणत भएनन् । पुटिनलाई हमला जारी राख्न यसले निम्तो दिने युक्रेनीहरू ठान्छन् । अलास्का वार्तामा ठुलो प्रगति हुन नसकेकोलाई पनि उनीहरूले यही सन्दर्भमा हेरेका छन् ।

युक्रेनसँगको जारी युद्धले अन्तर्राष्ट्रिय जगत्मा आलोचित बने पनि राष्ट्रपति पुटिनको मुलुकभित्र भने शक्ति झन् बढेको छ । युद्धको बिचमा चुनाव गराएर पुटिनले आफूलाई सन् २०३० सम्म सत्तामा रहने सुनिश्चित गर्नुभयो । यसअघि सन् २०१८ मा निर्वाचित भएका पुटिनले २०२१ मा थप दुई कार्यकाल राष्ट्रपति बन्न बाटो खुला गर्ने गरी संविधानमा संशोधन गरी आफू सत्तामा रहिरहन मार्गप्रसस्त गर्नुभएको थियो । यस पटकको चुनावलाई युक्रेनमाथि आक्रमण गर्ने पुटिनको निर्णयप्रतिको जनमतसङ्ग्रहका रूपमा पनि हेरिएको थियो ।

युक्रेनसँगको युद्धसँगै रुसी अर्थतन्त्र समस्याग्रस्त हुने र त्यसको प्रत्यक्ष असर राष्ट्रपति पुटिनमाथि पर्ने अमेरिकालगायतका पश्चिमा देशको अनुमान सत्य सावित भएन । युद्धको असर सोचे जस्तो नदेखिएपछि उनीहरूले युद्ध अन्त्यको बाटो खोजेको देखिएको छ । युक्रेनसँगको युद्ध अझै लम्बिँदै गयो भने रुस चीनसँग अझै निकट हुन सक्ने अमेरिकालाई चिन्ता थपिएको छ । त्यसैले पछिल्लो समय युरोपका कतिपय देश रुस-युक्रेन युद्ध छिट्टै अन्त्य गर्ने पक्षमा देखिएका छन् ।युक्रेनमा गत मार्च ३१ मा राष्ट्रपतीय चुनाव हुनुपर्ने थियो तर राष्ट्रपति जेलेन्स्कीले चुनाव गराउन सक्नुभएन । उहाँका लागि चुनाव सहज छैन । जेलेन्स्कीका कारण युद्धमा १८ प्रतिशत भूभाग गुमाएको र युद्ध जित्ने सम्भावना नदेखिएको युक्रेनी मतदाताले उहाँलाई विश्वास गर्ने आधार कमजोर बनेको छ । त्यहाँ युक्रेनलाई निकास दिनसक्ने नेतृत्वको खोजी भएको छ । पछिल्ला दिनमा युक्रेनलाई पश्चिमा सहयोग कम हुँदै जानुले रुसका लागि थप आक्रामक बन्न सहज भएको छ । युद्धमा युक्रेनतर्फ भने सेना साथै गैरसैनिक नागरिकसमेत धेरै मारिएका र राजधानी किभलगायतका सहरमा व्यापक भौतिक क्षति भएको, धेरै नागरिक विस्थापित भएकाले जेलेन्स्कीप्रति जनता विश्वस्त हुन सकेका छैनन् । पश्चिमा सहयोगको भरमा युद्ध जित्नसक्ने आधार नदेखिएकाले युक्रेनले रुससँग सम्झौता गर्नुपर्ने अवस्था आएको छ । त्यसैले अब युद्ध जति लम्बिँदै जान्छ बढी क्षति युक्रेनले नै बेहोर्नुपर्ने भएकाले पनि वार्ताद्वारा युद्ध अन्त्य गर्नेतिर लाग्नु युक्रेनका लागि हितकर हुने देखिन्छ ।

शक्तिशाली रुससँग युक्रेन लामो समयसम्म युद्ध गर्ने अवस्थामा थिएन । पश्चिमा मुलुकहरूले हतियार र आर्थिक सहयोग दिइरहेकाले अहिलेसम्म युद्ध लम्बिएको हो । युक्रेनले युरोपेली सङ्घ(इयु) र उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो)को सदस्यता लिने तयारी गरेपछि रुष्ट भएको रुसले आफ्नो सुरक्षा खतरामा पर्ने भएकाले दुवै सदस्यताबाट रोक्न युक्रेनमाथि आक्रमण गरेको हो । सुरुमा यो कारबाही धेरै दिन नचल्ने र छिटै टुङ्गिने अपेक्षा गरिएको थियो । पश्चिमा मुलुकको आर्थिक तथा हतियार सहयोगले युक्रेन अहिलेसम्म युद्धमा टिकेको छ । पश्चिमा मुलुकको सहयोग घट्ने क्रमका रहेकाले अब युक्रेनलाई युद्धमा टिकिरहन सहज छैन । यो स्थितिमा युद्ध लम्बिनु भनेको युक्रेनलाई पूर्ण रूपले तहसनहस बनाउनु मात्र होइन रुसमा विलय गराउन सक्ने आधार बन्न सक्छ । त्यस्तो अवस्था आयो भने रुसको चीन, उत्तर कोरिया र इरानसँगको निकटता अरू बढ्ने र नेटोको पूर्वी युरोप विस्तार योजनालाई ठुलो चुनौती खडा हुनेछ ।

विश्वकै ठुलो राष्ट्र रुससँग धेरै हतियार र ठुलो सङ्ख्यामा सेना रहेकाले सानो राष्ट्र युक्रेन एक्लै लामो समयसम्म युद्ध गर्नु भनेको मुलुकलाई पूर्ण रूपले ध्वस्त बनाउनु मात्र हुने छ । विदेशीको आर्थिक र हतियार सहयोगमा युद्ध जारी राख्नु कुनै हिसाबले पनि युक्रेनलाई फाइदा भएन । छिमेकी रुससँग वार्ता गरी दुवैलाई मान्य हुने निकास छिटो खोज्नु नै अहिलेको आवश्यकता हो । अहिलेको अवस्था के छ भने पर्याप्त हतियार र सेना रहेको रुस लामो समयसम्म युक्रेनसँग युद्ध गर्न सक्छ । बाह्य हतियार र आर्थिक सहयोगबिना युक्रेनले रुससँग प्रतिवाद गरिरहन गाह्रो छ । सोभियत सङ्घको विघटनभन्दा चार महिनाअघि स्वतन्त्र भएको युक्रेन रुससँग टाढिएर युरोपतिर ढल्किन खोज्दा यो दुर्गति भएको हो ।

***अबको निकास***

वास्तविकता त के हो भने सोभियत सङ्घको विघटनपछि लगभग टाट पल्टिन लागेको रुस पुटिन नेतृत्वले पुनः शक्तिशाली बन्यो । यसैले रुसमा उहाँको प्रभाव राम्रो छ । रुसलाई पुनः शक्तिशाली बनाउन पुटिनको योगदान महत्वपूर्ण रहेको सन्दर्भमा उहाँले युद्धको होइन शान्तिको बाटो समाएर युक्रेनसँगको विवाद शान्तिपूर्ण समाधान गर्नुपर्थ्यो । युक्रेनलाई मनाउन नसक्नु पुटिनको पनि कमजोरी हो तैपनि युद्धमा होमिएको अहिलेको अवस्थामा युद्धबाटै छिनोफानो गर्ने उहाँको सोचलाई जेलेस्कीकै कच्चापनले थप मलजल गरेको छ । यो वास्तविकतालाई बुझेरै अमेरिकाका राष्ट्रपति ट्रम्पले युद्धविरामको सट्टा शान्ति सम्झौता गराएर रुस-युक्रेन युद्ध अन्त्य गराउन विशेष प्रयास गर्नुभएको छ । उहाँले युक्रेनलाई इयु र नेटोको सदस्यता नलिन दबाब दिनुभएको छ । युक्रनको सुरक्षा ग्यारेन्टी गर्दै रुसको माग सम्बोधन गरेर यो युद्ध अन्त्य गराउनु सबैभन्दा उत्तम उपाय हो ।

*(गोरखापत्रअनलाइनबाट)*

# "बालबालिकाका लागि श्रम होइन, शिक्षा नै प्राथमिकता हुनुपर्छ" भन्ने सन्देशसहित वादविवाद प्रतियोगिता



जनतापत्र, मेलम्ची

बाल अधिकारप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले मेलम्चीस्थित श्री हैबुङ महादेवस्थान माध्यमिक विद्यालयमा "बालबालिकाका लागि श्रमभन्दा शिक्षा आवश्यक" शीर्षकमा वादविवाद प्रतियोगिता सम्पन्न गरिएको छ।

ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठिको प्रायोजनमा आयोजित उक्त कार्यक्रमले बालश्रम विरूद्धको आवाज बुलन्द पार्दै शिक्षा नै बालबालिकाको पहिलो अधिकार हो भन्ने धारणा स्थापित गर्न खोजिएको हो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामबहादुर लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा नं. ३ का वडा सदस्य मच्छिन्द्र नेपाली प्रमुख अतिथिको रूपमा सहभागी थिए।

विशेष अतिथि अभिभावक संघका अध्यक्ष कृष्णबहादुर लामा र पूर्व व्यवस्थापन समिति अध्यक्ष तथा समाजसेवी मोहलाल दुलालको उपस्थिति कार्यक्रमको गरिमा थपिएको थियो।

प्रतियोगिता कक्षा ६ देखि १० सम्मका विद्यार्थीबीच दुई तहमा विभाजन गरी सञ्चालन गरिएको थियो।

कक्षा ६–८ र ९–१० का विद्यार्थीहरूले बालश्रम र शिक्षा सम्बन्धी पक्ष–विपक्षका विषयमा तर्कहरु प्रस्तुत गर्दै आफ्नो विचार अभिव्यक्त गरेका थिए। प्रतिस्पर्धामा कक्षा ६–८ बाट १३ र ९–१० बाट १३ गरी कुल २६ जना सहभागी भएका थिए।

निर्णायक मण्डलको निर्णयअनुसार कक्षा ९–१० समूहमा युनिका तामाङ प्रथम, मनिषा तामाङ द्वितीय र रोजिना तामाङ तृतीय घोषित भए भने सान्त्वना पुरस्कार सन्सिला गुरूङले प्राप्त गरिन्।

कक्षा ६–८ तहमा राजमिता श्रेष्ठ प्रथम, रोजिना तामाङ द्वितीय, सन्जिता नेपाली तृतीय र सिम्रन तामाङ सान्त्वना विजेता घोषित भए।

कार्यक्रमको समापनमा प्रमुख अतिथि मच्छिन्द्र नेपाली लगायत अतिथिहरूले विजयी विद्यार्थीहरूलाई टिका, खादा र पुरस्कार प्रदान गर्दै बालश्रम उन्मूलन र शिक्षा विस्तारको महत्त्वबारे मन्तव्य व्यक्त गरे। सहभागी विद्यार्थीहरूका जोशिला प्रस्तुतिले कार्यक्रममा थप उर्जा प्रदान गरेको थियो।

यस प्रतियोगिताले बालबालिकाको भविष्य सुरक्षित गर्न श्रमको सट्टा शिक्षा प्रदान गर्नु सबैको कर्तव्य हो भन्ने सन्देश स्थानीय स्तरमै प्रभावकारी रूपमा फैलाएको आयोजकले बताएका छन्।

# भोटेकोशी–५ आयोजना ....

जनाए। "स्थानीयको आवाज सुनिएको छ, अब छलफलका आधारमा आयोजनाको काम अगाडि बढ्छ," उनले भने। यो आयोजना मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट निस्कने पानीमै टनेल हालेर निर्माण गर्न लागिएको हो, जसका लागि पहिलेदेखि नै स्थानीयहरूले पर्यावरणीय असर पर्ने भन्दै विरोध जनाउँदै आएका थिए।

सुरूङमार्फत नदीको पानी प्रयोग गरिनु वातावरणीय असन्तुलन र जलचर प्रणालीमा नकारात्मक असर पार्न सक्ने भन्दै उनीहरूले चासो राखेका छन्।

प्रस्तावित आयोजना अन्तर्गत भोटेकोशी–५ स्वीचयार्डबाट करिब ३.४७ किलोमिटरको दुरीमा रहेको सुनकोशी हब पुलिङ स्टेसनसम्म सुरूङ खनिनेछ। त्यसपछि १.३ किलोमिटर लामो प्रसारण लाइनमार्फत बाह्रबिसे सबस्टेसनमा जोडिने योजना छ।

कुल ४.७७ किलोमिटर लम्बाइको यो लाइन ४०० केभी डबल सर्किट प्रसारण लाइन हुनेछ, जसमा १७ वटा टावर निर्माण हुनेछन्।

तर आयोजना अगाडि बढाउने योजना जति व्यवस्थित देखिएको भए पनि स्थानीयको आक्रोश त्यत्तिकै चर्को देखिएको छ।

बाह्रबिसे बजार, मानेश्वारा, राम्चेल लगायतका बासिन्दाले वातावरणीय असर र बस्ती जोखिमका विषयलाई गम्भीर रूपमा उठाएका छन्।

बाह्रबिसे नगरपालिका–८ का विकेश लामाले आयोजनाले नदी सुकाउने, भौगोलिक असन्तुलन ल्याउने, र स्थानीय बस्ती जोखिममा पार्ने आरोप लगाउँदै भने, "घरबस्तीमा असर पर्ने भए यसको जिम्मा आयोजनाले लिनुपर्छ। बीमा पनि सुनिश्चित हुनुपर्छ।"

स्थानीय ओम तामाङ, प्रदीप पौडेललगायतले पनि आयोजनालाई सचेत रहन आग्रह गर्दै प्रभावित क्षेत्रको सुरक्षित भविष्य सुनिश्चित नगरी परियोजना अघि नबढाउन चेतावनी दिएका छन्।

कालिका हाइड्रोपावर कम्पनीद्वारा निर्माण गरिने यो आयोजना बाह्रबिसे नगरपालिका र बलेफी गाउँपालिकाको सिमानास्थित जुरे क्षेत्रमा बन्नेछ।

त्यहाँ पावर हाउस निर्माणको तयारी भइरहे पनि जलस्रोतको व्यवस्थापन, नदीको प्रवाहमा पर्ने असर, र बस्ती स्थानान्तरणका सम्भाव्य मुद्दाहरूले गर्दा स्थानीय तहमा अझै असमञ्जस कायम छ। यसरी सार्वजनिक सुनुवाइ सकिए पनि परियोजनाको दीर्घकालीन प्रभावबारे चिन्तित स्थानीयको आवाज स्पष्ट देखिएको छ। अब आयोजनाले ती माग र सरोकारलाई कति सम्बोधन गर्छ भन्ने कुराले यसको भविष्य निर्धारण गर्नेछ।

# तातोपानी नाका भएर पुनः सुरु .....

राजेश भण्डारीका अनुसार एक कन्टेनर सामान भन्सारसम्म ल्याउन मात्रै झन्डै डेढ लाख रुपैयाँ अतिरिक्त खर्च भएको छ। यस्तो अवस्थाले निरन्तर घाटा व्यहोर्नुपर्ने अवस्था बनाएको उनी बताउँछन्।

तातोपानी नाका भएर हाल आएर मुख्य रूपमा तयारी पोसाक, दसैं लक्षित सामग्री, फलफूल तथा ईभीहरूको आयात भइरहेको छ। रसुवा नाका बन्द हुँदा सम्पूर्ण लोड तातोपानीले सम्हाल्नुपर्ने अवस्था आएको हो।

तर पूर्वाधार कमजोर भएका कारण तातोपानीले सो दबाब सम्हाल्न मुस्किल भइरहेको व्यवसायीहरूको भनाइ छ।

सडक डिभिजनका अधिकारीहरूका अनुसार भोटेकोशीको तल्लो भागबाट कटिङ गरिएको सडकमा माथिबाट निरन्तर पहिरो झर्ने क्रम जारी छ, जसले गर्दा पुनः यातायात पूर्ण रूपमा अवरूद्ध हुने सम्भावना अझै टर्दैन। कोदारी क्षेत्र मात्रै होइन, बाह्रबिसे देखि मितेरी पुलसम्मकै सडकको अवस्था अत्यन्तै जीर्ण छ।

यसैबीच, नेपाल र चीन जोड्ने मितेरी पुल हुँदै कन्टेनर नेपाल प्रवेश गर्न थाले पनि नेपाली कन्टेनरलाई अझै पनि चिनियाँ भूभागसम्म सहजै लैजान सकिने अवस्था छैन। चिनियाँ ट्रान्सपोर्ट कम्पनीहरूले कन्टेनरको बडी खासा (चिनियाँ सहर) तर्फ ल्याउँछन् भने, नेपाली पक्षले कन्टेनरको अगाडिको भाग लगेर त्यसलाई तानेर तातोपानी भन्सारसम्म पुऱ्याउनुपरेको छ। नेपाली कन्टेनरहरूलाई चिनियाँ भूभागसम्म सहज पहुँच नहुनु पनि समस्याको अर्को मूल कारण बनेको छ।

भूकम्पपछि लामो समय बन्द रहेको यो नाका अहिले फेरि सञ्चालनमा आए पनि दीर्घकालीन समाधानका लागि पक्कापक्की पूर्वाधार निर्माण र दुवै देशबीच सहकार्य अत्यावश्यक देखिएको छ। नत्र यसरी


साक्षर समाज–सक्षम राष्ट्र ।

शिक्षाः
आत्मनिर्भर जीवनको लागि,
रोजगारी र अवसरको लागि,
सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
अधिकार र कर्तव्य बोधका लागि,
स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
आर्थिक सशक्तिकरणका लागि ।

त्रिपुराशुन्दरी गाँउपालिका, सिन्धुपाल्चोक

# शिक्षक पेशाप्रति इमान्दार भएर मात्रै गुणस्तरीय शिक्षा सम्भव – नगर प्रमुख तामाङ



जनतापत्र, मेलम्ची

शिक्षकहरूका लागि दुई दिने क्षमता विकास तालिम मेलम्चीमा सुरू भएको छ, जसमा एकीकृत पाठ्यक्रम कार्यान्वयन र मूल्यांकनसम्बन्धी सीप विकासलाई प्राथमिकता दिइएको छ। मेलम्ची नगरपालिकाको समन्वयमा, चाइल्ड रेस्क्यु नेपालको सहयोग तथा साझेदारी नेपालको आयोजनामा तालिम कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख आइतमान तामाङले शिक्षण पेशा केवल जागिर नभई राष्ट्र निर्माणको आधार रहेको उल्लेख गर्दै भने, "शिक्षक पेशाप्रति इमान्दार नभई शिक्षाको गुणस्तर सुधार सम्भव छैन।" उहाँले सिकेका कुरा व्यवहारमा लागू गर्न शिक्षकहरूलाई आग्रह गर्दै शिक्षा सुधारका लागि नगरपालिका निरन्तर साथमा रहेको बताए।

तालिममा मेलम्ची क्षेत्रका ६० जना शिक्षकहरूको सहभागिता रहेको कार्यक्रम अधिकृत पुष्पा भण्डारीले जानकारी दिइन्। तालिमको उद्देश्यबारे प्रकाश पार्दै नगरपालिकाको शिक्षा शाखाका स्रोत व्यक्ति योगबहादुर थापाले विद्यालय अनुगमनको क्रममा देखिएका कमजोरीहरु समाधान गर्न तालिम आवश्यक भएको बताए। "नतिजा सुधारोन्मुख भए पनि अझै केही चुनौतीहरु बाँकी छन्, जसलाई यस तालिमले सम्बोधन गर्ने विश्वास लिइएको छ," उनले भने।

तालिमका अवसरमा इलाका प्रहरी कार्यालयका सहायक निरीक्षक कुमार चौलागाईंले सहभागीहरूलाई साइबर अपराधसम्बन्धी जानकारी प्रदान गरेका थिए। साथै, साझेदारी नेपालका अध्यक्ष मानबहादुर भुसालको सभापतित्वमा सम्पन्न कार्यक्रममा विभिन्न सामाजिक तथा शैक्षिक क्षेत्रका व्यक्तित्वहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा चाइल्ड रेस्क्यु नेपालकी चेतना पन्थी, पत्रकार महासंघ सिन्धुपाल्चोकका सहसचिव एवम् रेडियो मेलम्चीका स्टेशन म्यानेजर देवराज सुवेदी, आयोजक संस्थाका कोषाध्यक्ष दिलबहादुर देउजा, सदस्य सुरेन्द्र सुनार, सल्लाहकार पुरूषोत्तम घोरासैनी लगायतको उपस्थिति रहेको थियो।

तालिम सहजीकरणमा श्री जनजागृति माध्यमिक विद्यालयका प्रधानाध्यापक इन्द्रकुमार तामाङ, शिक्षक महासंघका जिल्ला अध्यक्ष कुमार खतिवडा लगायतका प्रशिक्षकहरु सक्रिय रहनेछन्। कार्यक्रमको सञ्चालन संस्थाका सचिव कृष्ण थापाले गरेका थिए।

# शुभकामना सहकारीद्वारा तीजको अवसरमा सन्देशमूलक सांस्कृतिक कार्यक्रम

जनतापत्र, मेलम्ची

महिलाहरूको महान पर्व हरितालिका तीजको अवसरमा मेलम्ची-११ स्थित शुभकामना बचत तथा ऋण सहकारी संस्था लिमिटेडले तीज विशेष कार्यक्रमको आयोजना गरेको छ।

मेलम्ची कम्युनिटी अङ्ग्रेजी माध्यमिक विद्यालयमा सम्पन्न उक्त कार्यक्रममा सहकारीका विभिन्न महिला समूह तथा सदस्यहरूले गीत, नृत्य र सांगीतिक प्रस्तुति मार्फत आफ्नो प्रतिभा प्रस्तुत गर्दै चाडको रौनक थपेका थिए। कार्यक्रममा सहभागीहरूले परम्परागत लोक संस्कृतिको झल्को दिने झुम्का झलझली नृत्य मात्र होइन, चेलीहरूको व्यथा, सामाजिक विकृति र महिला हिंसा न्यूनीकरणजस्ता गम्भीर विषयवस्तुहरूलाई पनि नृत्य र गीतमार्फत उजागर गरेका थिए। कार्यक्रमले मनोरञ्जन मात्र नभई चेतनामूलक सन्देश पनि सम्प्रेषण गर्न सफल भएको आयोजकले बताए।

कार्यक्रमका प्रमुख अतिथि मेलम्ची नगरपालिकाकी उपप्रमुख उमा प्रधानले शुभकामना व्यक्त गर्दै चाडपर्वलाई सांस्कृतिक शुद्धता र मौलिकता कायम राख्दै मनाउनुपर्नेमा जोड दिइन्। उनले सहकारीहरु जनहित र सामाजिक सचेतनाका लागि अझ प्रभावकारी ढंगले काम गर्नुपर्ने आवश्यकता औंल्याइन्। पूर्व उपप्रमुख भगवती नेपाल, उद्योग वाणिज्य संघ सिन्धुपाल्चोकका पूर्व उपाध्यक्ष रामकृष्ण चालिसे लगायतका विशिष्ट व्यक्तित्वहरूको पनि उपस्थिति रहेको थियो।

सहकारीका अध्यक्ष रूद्रप्रसाद दुलालले शुभकामना सहकारीले केवल आर्थिक क्रियाकलाप मात्र नभई सामाजिक उत्तरदायित्व अन्तर्गत सांस्कृतिक जगेर्ना र चेतनामूलक गतिविधिहरूलाई निरन्तरता दिँदै आएको जानकारी दिए। संस्थाका व्यवस्थापक मन्जु दाहालले सहकारी सदस्यहरूको हितमा विविध कार्यक्रम सञ्चालन भइरहेको उल्लेख गर्दै आगामी दिनमा अझ बढी सहभागितामूलक कार्यक्रम गर्ने प्रतिबद्धता जनाइन्।

कार्यक्रमको सञ्चालन सहकारीकी सक्रिय सदस्य प्रतिमा धितालले गरेकी थिइन्। सहभागीहरूबाट कार्यक्रमप्रति सकारात्मक प्रतिक्रिया प्राप्त भएको र आगामी वर्षहरूमा अझ व्यापक रूपमा आयोजना गर्ने तयारी भइरहेको आयोजकले जनाएका छन्।

# लोकगीत प्रतियोगितामा स्याउलेको सेतीदेवी मावि शीर्ष स्थानमा

जनतापत्र, चौतारा

हरितालिका तीजको अवसरमा चौतारा साँगाचोकगढी-५ स्थित कृष्ण रत्न गंगा माध्यमिक विद्यालयमा सम्पन्न नगरस्तरीय अन्तरमाध्यमिक लोकगीत प्रतियोगितामा सेतीदेवी माध्यमिक विद्यालय, स्याउलेले प्रथम स्थान हासिल गरेको छ। प्रतियोगिता चौतारा साँगाचोकगढी नगरपालिकाको सहयोगमा आयोजना गरिएको थियो, जसमा नगरभित्रका ११ वटा माध्यमिक विद्यालयले सहभागिता जनाएका थिए। डडुवा भवानीशंकर मावि दोस्रो र आयोजक विद्यालय कृष्ण रत्न गंगा मावि तेस्रो स्थानमा रहे। कार्यक्रमको उद्घाटन नगर प्रमुख कृष्णप्रसाद सापकोटाले दीप प्रज्वलन गरी गर्नुभएको थियो। विजयी विद्यालयलाई नगद पुरस्कारसहित प्रमाणपत्र वितरण गरिएको थियो। प्रस्तुत गीतहरूले तीज पर्वमा देखिने विकृति-विसंगतिहरूलाई व्यङ्ग्य गर्दै परम्परागत संस्कृति र मौलिक लोककला संरक्षणमा सकारात्मक सन्देश दिएका थिए। यस प्रकारका कार्यक्रमले विद्यार्थीको प्रतिभा अभिव्यक्त गर्ने माध्यममात्र नभई, संस्कार, परम्परा र सामाजिक चेतनालाई समेत सशक्त रूपमा उजागर गर्ने मौका प्रदान गर्ने आयोजकको भनाइ छ।


## साक्षर समाज–सक्षम राष्ट्र ।

शिक्षाः
आत्मनिर्भर जीवनको लागि,
रोजगारी र अवसरको लागि.
सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
अधिकार र कर्तव्य बोधका लागि,
स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
आर्थिक सशक्तिकरणका लागि ।
त्यसैले शिक्षित बनौं, प्रगतिको
पथमा लम्किऔं ।

लिसंखुपाखर गाउँपालिका, सिन्धुपाल्चोक

# सर्वोच्च पदमा पुगेकाले फेरि राजनीतिमा फर्कनु उपयुक्त होइन – महासचिव शंकर पोखरेल

जनतापत्र, चौतारा

नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले राष्ट्रपति वा समानस्तरका सर्वोच्च पदमा पुगेको व्यक्ति पुनः सक्रिय राजनीतिमा फर्कनु उचित नहुने स्पष्ट धारणा व्यक्त गरेका छन्।

मेलम्चीमा आयोजित नेकपा (एमाले) सिन्धुपाल्चोकको प्रथम जिल्ला प्रतिनिधि परिषद् बैठक उद्घाटन गर्दै महासचिव पोखरेलले भने, "राष्ट्रको सर्वोच्च पदमा पुगेपछि व्यक्ति राजनीतिक गतिविधिबाट अवकाश लिनु उचित हुन्छ, यही निष्कर्षमा हाम्रो पार्टी पुगेको छ।"

उनले पार्टी संगठनमा एकता र अनुशासन अपरिहार्य भएको उल्लेख गर्दै एमालेलाई कमजोर पार्ने प्रयासहरु असफल हुने विश्वाससमेत व्यक्त गरे। "७० वर्ष नाघेका नेताले नेतृत्व लिन नहुने भन्ने भ्रम हटाउनुपर्छ," पोखरेलले भने, "विकसित देशमा समेत यस्ता नेताहरूले सफल नेतृत्व गरिरहेका छन्।"

सिन्धुपाल्चोकको प्रतिनिधि परिषद् बैठकले १० बुँदे "मेलम्ची घोषणापत्र" जारी गर्दै जिल्लास्तरका महत्वपूर्ण विषयमा पार्टीको धारणा सार्वजनिक गरेको छ। घोषणापत्रका प्रमुख बुँदाहरु यस प्रकार छन् :

संगठगत एकता र निर्वाचन लक्षित प्रतिबद्धताः प्रतिनिधिहरूले पार्टीको नीति र नेतृत्वमा विश्वास जनाउँदै "मिसन ८४" अन्तर्गत सबै तहको निर्वाचनमा विजय प्राप्त गर्ने लक्ष्य लिएका छन्।

भौतिक संरचना पुनःनिर्माणमा जोडः कोदारी नाका, अरनिको राजमार्ग, मेलम्ची-ईन्द्रावती बाढी प्रभावित क्षेत्रका पुनःनिर्माणका लागि नेपाल सरकारसमक्ष तत्काल पहल गर्न माग गरिएको छ। गुठी समस्या समाधानः किसानलाई मुक्त गर्न आवश्यक कानुन निर्माणको माग गरिएको छ।

महिला र दलितमाथिको हिंसा विरूद्ध कडा धारणाः भोटेकोशी-६ मा भएको बलात्कारपछिको हत्या र छुवाछुतजस्ता घटनालाई लोकतान्त्रिक मूल्यविरूद्धको मानिँदै अन्त्यको वातावरण निर्माण गर्न आह्वान गरिएको छ।

रोजगारी सिर्जनामा जोडः गाउँबाट पलायन हुने युवाहरूलाई रोक्न ग्रामीण रोजगारीका लागि सरकारी योजना ल्याउन आग्रह गरिएको छ।

भ्रष्टाचार विरोधी अभियानको मागः पदबाट निलम्बित तथा भ्रष्टाचारमा मुछिएका व्यक्तिहरूको सार्वजनिक कार्यक्रममा सहभागितालाई आपत्तिजनक भन्दै सामाजिक बहिष्कारको सुरूवात गर्न नागरिक समाजलाई समेत आह्वान गरिएको छ।

एमाले जिल्ला अध्यक्ष होमनारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न बैठकमा बागमती प्रदेश इन्चार्ज राजन भट्टराई, शेरबहादुर तामाङ लगायतका नेताहरु सहभागी थिए।

एमाले सिन्धुपाल्चोकका सचिव कृष्णगोपाल तामाङका अनुसार, जिल्लाभरका ७ सय ४५ प्रतिनिधि र पर्यवेक्षकहरूको सहभागिता रहेको थियो। उपाध्यक्ष अर्जुन भण्डारीले प्रतिनिधि परिषद्ले पार्टीलाई थप एकताबद्ध गर्दै अघि बढाउने विश्वास व्यक्त गरे।

प्रतिनिधि परिषद् बैठक मार्फत एमाले सिन्धुपाल्चोकले संगठनात्मक एकता, भ्रष्टाचारविरूद्धको कडा सन्देश, पुनर्निर्माणको माग, र समावेशी न्यायको पक्षमा स्पष्ट प्रतिवद्धता व्यक्त गरेको छ।

पार्टी भित्रको आन्तरिक रणनीतिक तयारीका हिसाबले यो बैठक ऐतिहासिक मानिएको छ।




साक्षर समाज–सक्षम राष्ट्र ।

शिक्षाः
आत्मनिर्भर जीवनको लागि,
रोजगारी र अवसरको लागि.
सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
अधिकार र कर्तव्य बोधका लागि,
स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।

चौतारा साँगाचोकगढी नपा.
वडा नं. ३ को कार्यालय,सि.पा

साक्षर समाज–सक्षम राष्ट्र ।

शिक्षाः
आत्मनिर्भर जीवनको लागि,
रोजगारी र अवसरको लागि.
सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
अधिकार र कर्तव्य बोधका लागि,
स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
आर्थिक सशक्तिकरणका लागि ।
त्यसैले शिक्षित बनौं, प्रगतिको
पथमा लम्किऔं ।

चौतारा साँगाचोकगढी नगरपालिका
नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# इन्द्रावती गाउँपालिका दोस्रो उत्कृष्ट स्थानीय तह घोषित

जनतापत्र, इन्द्रावति

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (ीन्–क्भाी ब्ककभककभलत) को नतिजा सार्वजनिक गरेको छ। सार्वजनिक नतिजा अनुसार सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका ८५.७५ अंकसहित दोस्रो उत्कृष्ट स्थानीय तहको रूपमा घोषित भएको हो।

स्व-मूल्याङ्कनको सूचिमा मेलम्ची नगरपालिका ८८.२५ अंकसहित पहिलो स्थानमा रहँदा इन्द्रावती गाउँपालिका नजिकैको अंकले दोस्रो स्थानमा पुगेको हो। शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वित्तीय व्यवस्थापन, सेवा प्रवाह, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन र सहकार्य-समन्वय लगायतका सूचकहरूमा राम्रो प्रदर्शन गर्दै इन्द्रावतीले उच्च अंक प्राप्त गरेको हो।

यस सूचिका अन्य स्थानीय तहहरूमा क्रमशः जुगल गाउँपालिका (८५), बलेफी गाउँपालिका (८४.७५), चौतारा साँगाचोकगढी नगरपालिका (८२.७५), भोटेकोशी गाउँपालिका (७९.७५), त्रिपुरासुन्दरी गाउँपालिका (७९), सुनकोशी गाउँपालिका (७८.५), लिसंखुपाखर गाउँपालिका (७५.५), बाह्रबिसे नगरपालिका (७५.२५) र पाँचपोखरी थाङ्पाल गाउँपालिका (७२.२५) रहेका छन्।

संस्थागत स्वमूल्याङ्कनले स्थानीय तहको कानुनी, व्यवस्थापकीय र सेवा-सुविधा प्रवाह क्षमताको समग्र मूल्याङ्कन गरी सुधारको दिशा तय गर्ने उद्देश्य राखेको मन्त्रालयले जनाएको छ। इन्द्रावती गाउँपालिकाको यो उपलब्धिलाई स्थानीय जनप्रतिनिधि, कर्मचारी र समुदायको सहकार्यको सकारात्मक परिणामका रूपमा लिइएको छ।

# मेलम्चीमा दुई दिने शिक्षक तालिम



जनतापत्र, मेलम्ची

शक्षाको गुणस्तर उकास्ने अभियानलाई बल दिने उद्देश्यसहित मेलम्चीमा दुई दिने विशेष तालिम सम्पन्न भएको छ । साझेदारी नेपालको आयोजना, मेलम्ची नगरपालिकाको सहकार्य र चाइल्ड रेस्क्यु नेपालको सहयोगमा सम्पन्न तालिम “एकीकृत पाठ्यक्रम कार्यान्वयन तथा मूल्यांकन सीप विकास” शीर्षकमा केन्द्रित रहेको थियो । तालिममा मेलम्चीका ६० जना शिक्षकहरुको सक्रिय सहभागिता रहेको थियो । सहभागीलाई इलाका प्रहरी कार्यालय मेलम्चीका प्रहरी सहायक निरीक्षक कुमार चौलागाईंले साइबर क्राइम र डिजिटल सुरक्षासम्बन्धी व्यावहारिक जानकारी दिनु भएको छ । नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका श्रोत विज्ञ योगबहादुर थापाले विद्यालय अनुगमनका अनुभव साझा गर्दै

पाठ्यक्रम कार्यान्वयन र मूल्यांकन अझ प्रभावकारी बनाउन यस्ता तालिम अपरिहार्य रहेको बताए । उहाँले हालसम्मको प्रगति उत्साहजनक भए पनि बाँकी चुनौती समाधानमा यस तालिमले ‘गेम चेन्जर’को भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । समापन सत्रमा साझेदारी नेपालका अध्यक्ष मानबहादुर भुसालले सहभागीलाई प्रमाणपत्र प्रदान गर्नु भएको छ । साथै, नेपाल शिक्षक महासंघ जिल्ला अध्यक्ष कुमार खतिवडा, श्री जनजागृति माविका प्रधानाध्यापक तथा प्रशिक्षक इन्द्रकुमार तामाङलगायतले सहजीकरण गर्नु भएको थियो ।

# चौतारा बहुमुखी क्याम्पसको २५ औं वार्षिकोत्सव

## भव्यताका साथ सम्पन्न



जनतापत्र, चौतारा

सिन्धुपाल्चोक जिल्लाकै पहिलो शैक्षिक धरोहर, चौतारा बहुमुखी क्याम्पसले आफ्नो २५औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न गरेको छ। क्याम्पसमै आयोजित यस ऐतिहासिक कार्यक्रममा चौतारा साँगाचोकगढी नगरपालिका वडा नम्बर ५ का वडाअध्यक्ष शिव श्रेष्ठ प्रमुख अतिथिको रुपमा उपस्थित रहनु भएको थियो भने, पूर्व सांसद तथा क्याम्पसका संस्थापक अध्यक्ष कृष्णराज श्रेष्ठ ,संस्थापक अध्यक्ष गम्भीरलाल श्रेष्ठको विशेष आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा विभिन्न पार्टीका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, विभिन्न संघसंस्थाका प्रतिनिधि, जग्गादाता, सहयोगदाता, सञ्चारकर्मी, क्याम्पसका शिक्षक–शिक्षिका र विद्यार्थीहरुको बाक्लो उपस्थिति रहेको थियो।

क्याम्पसका नि वर्तमान प्रमुख राजेन्द्रकुमार श्रेष्ठले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। सोही अवसरमा क्याम्पसका विद्यार्थीहरूले विविध सांस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरी समारोहमा थप रौनक थपेका थिए। सोही अवसरमा विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो।

उक्त समारोहलाई सम्बोधन गर्दै संस्थापक अध्यक्ष कृष्णराज श्रेष्ठले पछिल्लो समय क्याम्पसमा नकारात्मक सन्देश फैलाउने गतिविधिप्रति सबैलाई सचेत रहन आग्रह गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि शिव श्रेष्ठले क्याम्पसका शिक्षा, खेलकुद तथा स्वास्थ्य लगायतका क्षेत्रमा देखिएका समस्या समाधान गर्न आफ्नो तर्फबाट पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। विद्यार्थीहरुको शिक्षण सिकाइमा अभिभावकको कम चासो रहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले भविष्यमा आउन सक्ने समस्याको समाधानका लागि सबै सरोकारवाला र अभिभावकहरुले मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो। अहिले क्याम्पसमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा शिक्षा, व्यवस्थापन र विज्ञान संकायमा पठनपाठन भइरहेको छ।

साक्षर समाज–सक्षम राष्ट्र ।

शिक्षाः
आत्मनिर्भर जीवनको लागि,
रोजगारी र अवसरको लागि.
सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
अधिकार र कर्तव्य बोधका लागि,
स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
आर्थिक सशक्तिकरणका लागि ।
त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।

भोटेकोशी गाँउपालिका,सि.पा

# संस्थागत क्षमताको ....

छ। मूल्याङ्कन प्रणालीमा कुल १०० अंकको मापदण्ड कायम गरिएको छ, जहाँ सेवा प्रवाहमा अधिकतम १६ अंक तोकिएको छ भने सहकार्य तथा समन्वय क्षेत्रमा ६ अंक मात्र तोकिएको छ। अन्य क्षेत्रहरूमा संगठन र प्रशासन (९), शासकीय व्यवस्था (८), वार्षिक योजना (११), आर्थिक प्रबन्धन (११), न्यायिक सेवा (७), पूर्वाधार (१३), सामाजिक समावेशीकरण (१०), वातावरण र विपद् व्यवस्थापन (९) अंक तोकिएका छन्।

मेलम्ची नगरपालिकाले पछिल्लो केही वर्षयता आफ्नो प्रशासनिक क्षमता, सेवाको प्रभावकारिता, पारदर्शिता र सहभागितामूलक कार्यशैलीमा व्यापक सुधार गर्दै आएको छ। विशेष गरी सेवा प्रवाहका क्षेत्रमा मेलम्चीले उल्लेखनीय प्रगति गरेको मानिएको छ, जसले यो नतिजामा ठोस भूमिका खेलेको हो।

तर, मूल्याङ्कनमा सबै स्थानीय तह सहभागी भएका छैनन्। सिन्धुपाल्चोककै हेलम्बु गाउँपालिकाले भने यसपटकको मूल्याङ्कन प्रक्रियामा भाग लिएको छैन।

हेलम्बुले मूल्याङ्कन मापदण्डमा आफ्ना विशिष्ट सेवा जस्तै दीर्घरोगीका लागि निःशुल्क औषधि वितरण, एम्बुलेन्स सेवा, र निःशुल्क शिक्षा कार्यक्रमलाई समावेश नगरिएको भन्दै असहमति जनाएको छ। गाउँपालिकाका अनुसार यी सेवा त स्थानीय तहको सेवा सुधारका सूचक बन्न सक्थे, तर मूल्याङ्कनको ढाँचाले ती पक्ष समेट्न नसकेको भन्दै हेलम्बुले असहभागिता जनाएको हो।

स्थानीय तहको क्षमता वृद्धि र सुशासनको दिशामा अगाडि बढ्न यस्तो स्वमूल्याङ्कन अभ्यासले सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ। यस प्रक्रियाबाट स्थानीय तहले आफ्ना सबल र कमजोर पक्षहरू पहिचान गर्न सक्ने, समस्या समाधानका उपायहरू तय गर्न सक्ने, र दीर्घकालीन रणनीतिहरू निर्माण गर्न सक्ने आधार तयार हुन्छ।

यसले स्थानीय तहमा जनप्रतिनिधिको उत्तरदायित्व र पारदर्शिता बढाउने मात्र होइन, समुदायको सक्रिय सहभागितालाई समेत संस्थागत गर्ने उद्देश्य राखेको छ।

गुणस्तरीय सेवा प्रवाह र जवाफदेहितासहितको शासन प्रणाली निर्माणका लागि यस्ता मूल्याङ्कन विधिहरूलाई निरन्तरता दिनु आवश्यक रहेको विज्ञहरूको सुझाव छ।

मेलम्ची नगरपालिकाको सफलताले अब अन्य स्थानीय तहहरूलाई पनि आफ्नो कार्यप्रणाली सुधार गर्न उत्प्रेरणा दिने अपेक्षा गरिएको छ। साथसाथै, मूल्याङ्कन मापदण्डलाई अझ समावेशी बनाउँदै सबै तहको सहभागिता सुनिश्चित गर्नुपर्ने चुनौती पनि उठिरहेको छ।

# झोले : भाष्य र....

गलत मानिसबाट शाषित हुने परिस्थितिसमेत सिर्जना भएको छ ।

झोले आतंक

हरेक मानिसको गुण र दोष हुन्छ, एउटै मानिसले एक पटक एउटा काम सही र अर्को काम गलत गर्न सक्छ । कामको परिणाम र गुणदोषका आधारमा आलोचना र प्रोत्साहन गर्ने संस्कृति बोक्नु र बनाउनु नागरिकको काम हो । नागरिकले सामाजिक सञ्जालको प्रयोग कामको परिणामको आधारमा गुण र दोष हेर्ने र समर्थन वा विरोध जनाउने गर्छन् । यसले राजनीतिकदेखि प्रशासनिक जिम्मेवारहरूलाई थप जिम्मेवार बनाउने र त्यसका लागि प्रोत्साहित गर्ने काम गर्दछन् ।

नागरिकको यस्तो सचेत राजनीतिले मात्र सुशासन स्थापित हुने र राजनीति सनेतिर जान सक्छ । तर नेपालमा यस्तो असहिष्णु जमात बनिरहेका छन्, तिनले बुझ्न नसकेको र सुन्न नचाहेको कुनै कुरा कसैले गऱ्यो भने उसले स्वतः अराष्ट्रिय, दलाल, झोले आदिको संज्ञा पाइहाल्छ ।

मतलब मानिसहरु विषयगत र तर्कसंगत बहसमा हैन, व्यक्तिगत आक्रमणमै संगठित रूपमै उत्रिन्छन् । यसो गरिरहँदा कुनै एक दल वा नेताका झोले मात्र भने हैनन् । हरेक यस्ता झोलेले अर्का झोलेलाई झोले भन्नु त सामान्य भइहाल्यो, तर विचार अभिव्यक्त र विश्लेषण गर्ने तप्कासमेत यस्तो दुर्व्यवहारले भयभीत छन् ।

परिणाम, धेरैजसो सभ्य र सौम्य मानिसहरु अहिले सामाजिक सञ्जालदेखि सञ्चारमाध्यममा समेत आफ्नो राय राख्न हिचकिचाउने अवस्था छ । सार्वजनिक जीवन जिउने र समसामयिक राजनीति विश्लेषण गर्ने एउटै व्यक्तिले राखेको विचार विषय र प्रसंगले कुनै समूहसँग मिल्यो भनेसमेत एउटै व्यक्ति फरक–फरक दिनमा ओली/एमालेको, दाहाल/शर्मा/माओवादी वा देउवा/थापा/कांग्रेसको झोलेको पगरी पाउँछ

निष्कर्ष

सचेतहरु झोले आक्रमणबाट भयभीत भएर भाग्ने हैन, प्रतिकार र प्रतिवाद गर्ने हो । अन्य कसैले हाम्रो देशको राजनीति सुधार्दिदैन । नेतृत्व र प्रतिनिधि फेर्न जागेनौं–लागेनौं वा इमान र इरादा बदलिरह्यौं भने राजनीतिक यथास्थितिमा फेरबदल हुने देखिँदैन । बूढो राप्रापादेखि कान्छो रास्वपासम्म, अहिलेको शीर्षस्थहरूबाट भावी पुस्ताको राजनीतिक आकांक्षा पूरा गर्न सम्भव छैन ।

त्यसैले पहिले त दलभित्रैबाट विकल्प खोजौं । हरेकलाई गुण र दोषका आधारमा मूल्यांकन गरौं, दामासाहीमा समर्थन र विरोध गर्ने दलीय वा गुटको नजर पनि बदलौं । नेता र नेतृत्व आयात गर्न मिल्दैन, उपलब्धमध्ये सापेक्षताका आधारमा अ/कुशल, प्रतिबद्ध र क्षमतावानलाई दलका नेतृत्वमा र निर्वाचनमा प्रतिनिधिका रूपमा छानौं । अनुभव भन्छ, देशवासी नागरिक नबन्दासम्म औसत राजनीतिकर्मी राजनीतिज्ञ बन्दा रहेनछन् । फेरि रैती, प्रजा, दास हुने कि नागरिक बन्ने भन्ने कुरा हाम्रै हातमा छ ।

सुशासन स्थापित गर्न सकिन्छ, समुन्नति र समृद्धि स्वतः आउँछ । यहाँ यक्ष कुरा के हो भने नेतृत्वको चरित्रले जनताको चेत प्रतिबिम्बित गर्छ, महा/झोले हुनु भनेको महा/भ्रष्टबाट शाषित हुन चाहनु वा राजी हुनु हो । भनिन्छ नि जनता गुनाका नेता ! समय घर्किसकेको छ । सोचौं, २०८४ भित्र महा/झोले नै रहने कि नागरिक बन्ने ?

(कान्तिपुरबाट)

साक्षर समाज–सक्षम राष्ट्र ।
शिक्षाः
आत्मनिर्भर जीवनको लागि,
रोजगारी र अवसरको लागि.
सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
अधिकार र कर्तव्य बोधका लागि,
स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
आर्थिक सशक्तिकरणका लागि ।
त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।
नेपाल सरकार
विज्ञापन वोर्ड

साक्षर समाज–सक्षम राष्ट्र ।
शिक्षाः
आत्मनिर्भर जीवनको लागि,
रोजगारी र अवसरको लागि.
सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
अधिकार र कर्तव्य बोधका लागि,
स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
आर्थिक सशक्तिकरणका लागि ।
त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।
जुगल गाँउपालिका
सिन्धुपाल्चोक